ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 1 Year: 2024
*************************************

# ‘हर्कबहादुर’ कवितामा समसामयिक यथार्थ

महेन्द्र वाग्ले[1]

# Contemporary Reality in the Poem 'Hark Bahadur'

Manendra Wagle[1]

[1]Assistant Professor, Department of Nepali, Tribhuvan University, Patan Campus, Lalitpur
[1]Corresponding Author: sajalwagle@gmail.com DOI: https://doi.org/10.3126/academia.v3i1.61274
Article History: Received: Sept. 20, 2023 Revised: Oct. 8, 2023 Received: Dec. 13, 2023

**लेखसार**

प्रस्तुत लेखमा कवि दिनेश अधिकारीको ‘हर्कबहादुर’ कवितालाई अध्ययनको विषय बनाइएको छ । यसमा समसामयिक यथार्थवादी चिन्तनको आधारमा कृतिको विश्लेषण गरिएको छ । दिनेश अधिकारी समसामयिक विषयमा कविता लेख्ने आधुनिक कवि हुन् । उनको ‘हर्कबहादुर’ कवितामा समसामयिक यथार्थवादी दृष्टिकोण रहेको छ । साहित्यमा प्रस्तुत गर्ने विषयमा रचनाकारको तत्कालीन परिवेशसँग जोडिएर आउने समाजमा विद्यमान् रहेका विषय समसामयिक यथार्थवादी चिन्तनसँग सम्बद्ध हुन्छन् । यसमा यसै चिन्तनमा अटाउने युगबोध, सचेतता, मानवता, स्वतन्त्रता, विश्वबन्धुत्वजस्ता विषयलाई केन्द्र बनाइएको छ । यसमा विश्लेष्य कविता ‘हर्कबहादुर’मा एक निम्नवर्गीय व्यक्तिको प्रतिनिधित्व हर्कबहादुरले गरेको छ । यस कवितामा हर्कबहादुरले सामना गरेको शोषण, दमन, असमानता, अन्याय आदि समाज र राज्यसत्ताका कारक हुन् । गरिबी, अभावग्रस्त जीवन र विवशता निम्नवर्गीय वास्तविक चित्र हुन् । यस कविताको विषय निम्नवर्गीय व्यक्तिले भोगेको जीवन नै हो जुन समसामयिक यथार्थसँग सम्बद्ध छ । यस लेखमा अध्ययनलाई व्यवस्थित गर्नका लागि सामग्रीहरूको सङ्कलनमा पुस्तकालयको उपयोग गरिएको छ । यसमा आर्थिक विषमता र दयनीय अवस्था, मानवता, युगबोध र सचेतता तथा समानता, स्वतन्त्रता र विश्वबन्धुत्व जस्ता उपशीर्षकलाई विश्लेषणको विषय बनाइएको छ । सैद्धान्तिक पक्षसँग सम्बद्ध सामग्रीहरूलाई वर्णनात्मक विधिको उपयोग गरिएको छ भने कविताका सान्दर्भिक पङ्क्तिहरू उदाहरणका रूपमा समावेश छन् । यसमा ‘हर्कबहादुर’ कवितामा निम्नवर्गीय जनका समस्या टटकारो देखिएको र उनीहरूको गास, बास र कपासको समस्यालाई समाधान गर्नेतर्फ सबै लाग्नुपर्ने भाव व्यक्त गर्ने समसामयिक यथार्थ रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : सीमान्त, युगबोध, वर्गीय जीवन, शोषण, श्रमजीवी, असमानता.

**Abstract**

In this article, the poem 'Hark Bahadur' by the poet Dinesh Adhikari, has been made the subject of study. In it, the poem is analyzed on the basis of contemporary realist thinking. Dinesh Adhikari is a modern poet who writes poems on contemporary issues. His poem 'Hark Bahadur' has a contemporary realistic approach. The topics presented in literature are related to contemporary realist thinking in connection with the current environment of the author. It focuses on topics such as understanding of the age, awareness, humanity, freedom, and world brotherhood, which are based on this thought. In this analytical poem 'Hark Bahadur', a lower class person is represented by Hark Bahadur. In this poem, the exploitation, oppression, inequality, injustice, etc. faced by Hark Bahadur are factors of society and state power. Poverty, lack of life and constraint are the real picture of the lower class. The subject of this poem is the life experienced by the lower class people which is related to the contemporary reality. In this article, the library has been used in the collection of materials to organize the study. In it, subheadings like economic disparity and miserable conditions, humanity, understanding of the age and awareness and equality, freedom and world brotherhood have been made the subject of analysis. Descriptive method is used for the materials related to the theoretical aspect while the

relevant lines of the poem are included as examples. In this, it is concluded that in the poem 'Hark Bahadur', the problems of the lower class people are acute and it is a contemporary reality that expresses the feeling that everything should be done towards solving their problems of grass, housing and cotton.

*Keywords*: marginal, zeitgeist, class division, exploitation, working class, inequality,

## विषयपरिचय

दिनेश अधिकारी (२०१६) नेपाली साहित्यका प्रसिद्ध कवि हुन् । उनले १० वर्षको उमेरदेखिनै कविता लेख्न थालनी गरेका हुन् । उनका *अन्तरका छिटाहरू* (२०३७), *धर्तीको गीत* (२०४४), *आदिम आवाज* (२०४५), *अतिरिक्त अभिलेख* (२०५६), *मोड अफ लाइभ* (२०६५)नेपालीबाट अङ्ग्रेजी भाषामा अनुदित, *सीमान्त सपना* (२०६७), *संवेदना के स्वर* (सन् २०१५) नेपालीबाट हिन्दी भाषामा अनुदित, *भरियाको भूगोल* (२०७३) कविता सङ्ग्रहहरू, *एउटा बस्तीको कथा* (२०७२)संयुक्त लामो कविता, अन्य तीन जनासहित र *इन्द्रजात्रा* (२०५१) काव्य प्रकाशित छन् । हालसम्ममा उनका पाँच सयभन्दा बढी गीत रेकर्ड भइसकेका छन् । उनको कृति *अतिरिक्त अभिलेख* कविता सङ्ग्रहले २०५६ मा मदन पुरस्कार प्राप्त गरेको थियो (https://www.kumarkiran.com.np/2021/12/blog-post_10.html) । उनले प्रायः समाजका यथार्थ विषयवस्तुलाई कविताको विषय बनाएका छन् । उनका कवितामा रसास्वादनपछि भावकका आँखामा आत्मसन्तुष्टि प्रदान गर्ने क्षमता रहेको हुन्छ । उनी जीवनका विसङ्गत अँध्यारा पक्षहरूलाई अत्यन्त हिस्सीलाग्दो कलात्मक पाराले मिहिन बुनोटमा अभिव्यक्त गर्न सक्ने सीमान्त शिल्पी हुन्, शब्दका जादुगर हुन् ( http://kavitakosh.org/kk/) । उनका कविता कोमल, सौम्य र बौद्धिकभन्दा बढी कोमल छन् । सामान्य भाषामा आफ्ना कविता प्रस्तुत गर्ने उनी भूपिपछिका लोकप्रिय कवि हुन् । उनका कवितामा वर्तमान मानव जीवनका समस्या, जटिलता, सङ्घर्ष, पिडा, आक्रोश, असन्तुष्टि र विसङ्गति कवि अधिकारीका कविताका महत्त्वपूर्ण पक्ष हुन् ( https://www.kumarkiran.com. np/2021/12/blog-post_10.html) । यस अर्थमा उनका कवितामा समसामयिक यथार्थका विषयवस्तु रहेको हुन्छ ।

समसामयिकता कवि तथा लेखकको तत्कालीन परिवेश र तत्कालीन परिवेशसँग सम्बद्ध छ । कवि दिनेश अधिकारीले प्रस्तुत गरेको 'हर्कबहादुर' कवितामा प्रस्तुत गरेको दरिद्रता, आर्थिक विषमता, दयनीय अवस्था र जीवनका अभावबाट नेपाली जनजीवनमा देखिएको गास, बास र कपासको समस्या समाजको यथार्थ विषयवस्तु हो । यसै अभावग्रस्त आम नेपाली जनताको प्रतिनिधि पात्र हर्कबहादुर साथै उसमाथि गरिएको दमन, शोषण र उसका दुःख, वेदना आम नेपाली जनताका जीवनसँग गाँसिएका यथार्थ विषय हुन् । यथार्थवाद पाश्चात्य साहित्यमा उन्नाइसौं शताब्दीमा उद्भव भएको मान्यता हो । यस वादको थालनी फ्रान्सबाट भएको मानिन्छ । यो स्वच्छन्दतावादी मान्यताले भित्र्याएको अतिरञ्जित कल्पना, भावुकता र मिथ्यापनको विरुद्धमा देखापरेको विचारधारा हो ।

जीवन जगत्का विषयवस्तुलाई यथार्थरूपमा प्रस्तुत गर्नु र वास्तविक मानवीय मूल्य तथा मान्यताको कसीमा साहित्यलाई स्थापित गर्नु यसको मूल केन्द्र हो । यो साहित्यको आधुनिककालमा विस्तार भएको अवधारणा हो, जसमा भौतिक जगत्का सत्य पक्षलाई उद्घाटन गरिएको हुन्छ । यसको ऐतिहासिक सम्बन्ध ग्रीससम्म पुगे पनि वर्तमानमा आइपुग्दा उच्चवर्गदेखि निम्नवर्गीय जीवनसँगसम्मका पक्षहरूको तथ्यात्मक भौतिक प्रस्तुतिले यथार्थताको विषयलाई थप उचाइमा पुऱ्याएको छ । यही यथार्थ नेपाली साहित्यकाु कविता फाँटमा पनि प्रशारित रहेको छ जुन विशेषतालाई दिनेश अधिकारीले पनि आत्मसाथ गरी नेपाली कविताको विकासमा टेवा पुऱ्याएका छन् । उनको यो 'हर्कवहादुर' कविता अध्ययनको विषयका लागि छनौट गर्नुको कारण पनि यसमा प्रस्तुत वर्तमान मानव जीवनका समस्या, जटिलता, पीडा, सङ्घर्ष, आक्रोश, विसङ्गत पक्षहरू हुन् । यी विषय समसामयिक विषयवस्तुको नजिक छन् र उनी आशावादी चिन्तन साथै समाजसुधारको आग्रहका साथमा वर्तमान मानवीय मूल्यको स्थापनालाई पनि जोड दिई यथार्थसँग नजिकको सम्बन्ध राख्छन् । यो अध्ययन प्रज्ञिक दृष्टिले पनि महत्त्पूर्ण छ । अतः उनको यो 'हर्कबहादुर' कविता समसामयिक यथार्थवादी दृष्टिकोणबाट अध्ययनीय छ ।

## उद्देश्य

दिनेश अधिकारी समाजमा रहेका यथार्थ विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्छन् । त्यसमध्ये उनको 'हर्कबहादुर' कविता पनि एक हो । यस 'हर्कबहादुर' कवितामा निम्नवर्गीय नेपाली जनमानसले खेपेको यथार्थ पिडालाई समेटेर समस्या समाधानका लागि आवश्यक पहल हुनुपर्ने भन्ने विचार यस अध्ययनको मुख्य समस्या हो । यस समस्यासँग सम्बद्ध रही समसामयिक यथार्थवादी चिन्तनको केन्द्रियतामा 'हर्कबहादुर' कवितामा निम्नवर्गीय आर्थिक विषमता र दयनीय अवस्थाको विश्लेषण गर्ने, समसामयिक यथार्थ सापेक्ष मानवता, युगबोध र सचेत अवस्थाको विश्लेषण गर्ने साथै समानता, स्वतन्त्रता र विश्वबन्धुत्वको अवस्था पहिल्याउने उद्देश्य निर्धारण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा सोद्देश्यमूलक छनोट विधिका आधारमा दिनेश अधिकारीको 'हर्कबहादुर' कवितालाई चयन गरिएको छ । यथार्थवादी अध्ययन साहित्य र समालोचनाको क्षेत्रको निकै महत्त्वपूर्ण अध्ययन पद्धति हो । प्रस्तुत अध्ययनमा समसामयिक यथार्थसँग सम्बद्ध आावश्यक सामग्रीहरू सङ्कलन गर्न प्राथमिक तथा द्वितीय स्रोतको उपयोग गरिएको छ । यसका लागि पुस्तकालय सामग्री सङ्कलन विधिलाई प्रमुख आधार बनाई 'हर्कबहादुर' कवितालाई प्राथमिक स्रोतको सामग्रीको रूपमा उपयोग गरिएको छ । यस अध्ययनका लागि आवश्यक सामग्रीहरू र प्रज्ञिक विश्लेषणका लागि द्वितीय स्रोतका सामग्रीका रूपमा पुस्तकालयको उपयोग गरिएको छ । 'हर्कबहादुर' कवितामा समसामयिक यथार्थवादी चिन्तनको अध्ययन गर्दा यस सिद्धान्तसँग सम्बद्ध आर्थिक विषमता र दयनीय अवस्था, मानवता, युगबोध र सचेतता तथा समानता, स्वतन्त्रता र विश्वबन्धुत्व शीर्षकमा आधारित रही विश्लेषणात्मक अध्ययन गरिएको छ । समसामयिक यथार्थसँग सम्बद्ध स्थापित सिद्धान्तका आधारमा सामग्रीको विश्लेषणको आधार तयार गरी अध्ययन प्रक्रिया अगाडि बढाइएको हुँदा यसमा निगमनात्मक विधिको उपयोग गरिएको छ भने कविताका पङ्क्तिहरू पनि विश्लेषणमा उपयोग हुनाले आगमनात्मक विधिको पनि उपयोग भएको छ । अतः यस लेखमा गुणात्मक ढाँचालाई उपयोग गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

समसामयिकको अर्थ वर्तमानको अर्थात आजको समय भन्ने हो । वर्तमान पूर्वसन्दर्भमा आधारित हुने भएकाले यसले भविष्यको गोरेटो निर्माण गर्छ । समसामयिक विषयले आफ्नो वरपरको परिस्थिति, समाज, राजनीतिक विषय, आर्थिक अवस्था, घटनाक्रम, मानव र समाजको सम्बन्ध आदिलाई जनाउँछ । बिन्दु शर्माका अनुसार समसामयिकता निकट, तात्क्षणिक र विशिष्ट घटनाहरूबाट प्रभावित व्यक्ति, समाज, संस्कृति, प्रविधि र व्यवस्थाको विचको अन्तर्संवादको निचोड हो (शर्मा, २०७४, पृ. १३) । त्यसैले समयको निरन्तरतामा तत्कालीन समयको बोध समसामयिकता हो । हिन्दी शब्दकोशमा समसामयिकतालाई एउटै समयमा हुनेवाला तथा समकालिक भनेर परिभाषित गरिएको छ । यसको अर्थ समसामयिकताले वर्तमानमा जोडिएका समकालीन तथा एउटै समयसँग सम्बद्ध भनेर जनाउँछ । त्यसैले समसामयिक वर्तमान समयसँग जोडिएको विषय हो र यसले साहित्यिक लेखनका दृष्टिले तत्कालीन समयमा लेखिएका तथा वर्तमानमा सान्दर्भिक बनेका साथै लेखिएका रचनालाई पनि जनाउँछ । त्यस्तै मार्क्सवादी दृष्टिमा समसामयिकता भनेको वस्तु र समाज बिचको अन्तर्द्वन्द्वलाई ऐतिहासिक सापेक्षतामा आँकलन गरिने सौन्दर्यसास्त्रीय सञ्चेतना हो (गौतम, २०५९, पृ.७९) । यस विचारले पनि समसामयिकताले वर्तमानको विषय वहन गर्ने र तत्कालीन नवीन ऐतिहासिक यथार्थ विषयहरू रहने प्रस्ट पारेको छ । समसामयिकता निकट, विशिष्ट घटनाक्रमबाट प्रभावित संस्कृति, समाज र विश्व व्यवस्थाको अन्तर्सम्बन्ध हो । यसमा समयको निरन्तरतामा तत्कालीन युगबोधको भूमिकालाई अपेक्षा गरिएको हुन्छ । यसलाई अत्यन्त गतिशील, चलायमान र तरल रूपमा लिइने समेत भएकाले वस्तु र समाजबीचको अन्तरसम्बन्धले पनि स्थान पाएको हुन्छ (वाग्ले, २०७८) । यस आधारमा समसामयिकतामा कृतिकारले प्रयोग गरेको तत्कालीन समयको यथार्थलाई पनि समेटिएको हुन्छ ।

यथार्थ शब्दको अङ्ग्रेजी रूप realism हो । यसको व्युपत्ति ल्याटिनको res धातुबाट भएको हो । यस res को अर्थ वस्तु (thing) भन्ने हुन्छ । यसै आधारमा यथार्थलाई वस्तुसत्य भनिन्छ (शर्मा र लुइटेल, २०७६ पृ. १९४) ।

यसको उद्भव उन्नाइसौँ शताब्दीमा भएको हो । यस शब्दको प्रयोग सर्वप्रथम फ्रान्समा चित्रकलाको क्षेत्रबाट भएको थियो तर साहित्यको इतिहासमा यथार्थवादलाई पनि रोमान्टिक वादजस्तै जर्मनीबाटै थालिन्छ । त्यहीँ १८३० तिर हाइनरिख हाइनाका कवितामा सर्वप्रथम व्यक्तिदै यथार्थवाद थालिएको ठानिन्छ (त्रिपाठी, २०५८ पृ.४३) । वस्तुतः शास्त्रीयतावादको कडा अनुशासन, कृतिमता तथा स्वच्छन्दतावादको भावुकता र कल्पनाको विरुद्धमा वास्तविक जीवनसँगको सम्बन्ध स्थापना गर्न यथार्थवादको जन्म भएको हो । अङ्ग्रेजी कोशकारका विचारमा यथार्थवाद प्रकृतिवाद, अभिव्यक्तिवाद र अतियथार्थवादको विरोधी तत्त्वका रूपमा देखापरेको आन्दोलन हो (Drawel, 1985, p. 613)। यसले स्वच्छन्दतावादको सम्बन्धमा उल्लेख नगरे पनि यथार्थवादको उन्नयनमा स्वच्छन्दतावादको योगदान छ । यथार्थवादमा समावेश भएको समाजिक विषय स्वच्छन्दतावादमा रहेको व्यक्तिगत स्वतन्त्रताको स्वरको पक्ष हो । त्यसैले समाजिक विचारलाई वस्तुनिष्ठ बनाउन यथार्थवादमा स्वच्छन्दतावादको पनि भूमिका रहेको मानिन्छ । बोरिस सुचकोभले पनि यथार्थवादी आन्दोलनको अन्तिम समयमा इङ्ल्यान्डका प्रगतिशील कवि किड्स, वाइरन, शेली र जर्मनीका हनरिक आदिले पनि कल्पनाशीलता र भावुकताको स्वच्छन्दतावादी परम्परालाई तोडदै यथार्थपरक शैली अपनाएका थिए र त्यसमा खासगरी कवि शेली र वाइरन विशेष रूपमा सामाजिक सम्बन्धहरूको विरोधाभासलाई चिनेर यथार्थतर्फ ढल्किएका थिए (Suchkov, 1973 p.325)। यसबाट यथार्थवाद स्वच्छन्दतावादकै मूल्यमान्यताको पृष्टभूमिमा विकसित साहित्यिक आन्दोलन हो । त्यसैले युग सापेक्ष विषयवस्तुलाई प्रस्तुत गर्ने श्रेय यथार्थवादी रचनाकारलाई जान्छ ।

यथार्थवाद आधुनिक कालमा विकास र प्रसार भएको अवधारणा हो । यो मानव जीवन र प्रकृति सम्बन्धमा भौतिकवादी आवधारणा हो र यसमा सोझो अभिप्राय वस्तुगत्को वास्तविकतालाई स्वीकार गर्नुमा रहेको छ (मिश्र, २०७८, पृ. १) । नेपाली साहित्यको आधुनिककालमा समसामियक युगलाई यथार्थपरक दृष्टिले वर्णन गर्न प्रारम्भ भएको अवस्थादेखि यस चिन्तनको थप श्रीवृद्धि भएको पाइन्छ । मार्क्सवादको विकाससँगसँगै समसामयिक जीवनका विविध पक्षहरूलाई समेट्दै यसको प्रयोग भएको थियो । साहित्यमा यथार्थवादले जीवनका सत्यको उद्घाटन गर्दछ । यथार्थवादको दार्शनिक उद्गम स्रोत पत्ता लगाउने हो भने ग्रीसेली दार्शनिक प्लेटोको युगसम्म पुग्नुपर्छ र प्रत्यक्ष नै यथार्थ हो भन्ने अवधारणाबाट उनले यसको व्याख्या गरेको देखिन्छ (त्रिपाठी, २०४६, पृ.४२) । अठारौँ शताब्दीमा आइपुग्दा यसले नयाँ स्वरूप ग्रहण गर्‍यो । मानिसले आफ्नो ज्ञानेन्द्रीयबाट सत्यको अन्वेषण गर्न सक्षम हुन्छ भन्ने अवधारणाको निर्माण गर्‍यो । सत्यको ज्ञान प्राप्त गर्ने हाम्रा इन्द्रीय हुन् । इन्द्रीयहरूले यथार्थलाई चेतनाका माध्यमबाट ग्रहण गर्छन् । साहित्यमा यथार्थवादको प्रयोग मानव जीवनको वस्तुसत्यलाई चित्रण गर्ने साधनको रूपमा प्रयोग भएको पाइन्छ । युनानी महाकाव्यको युगमा वस्तुसत्य युगीन जीवनको यथार्थ मूल्यसँग जोडियो र सोहीअनुसार अभिव्यक्त गरियो । सर्वप्रथम युरोपमा शेक्सपियरले समाजका हितलाई सङ्घर्षको रूपमा चित्रण गरे त्यसपछि अठारौँ शताब्दीमा फ्रान्सेली राज्य क्रान्तिले नेतृत्व गरेको युगमा दैनिक जीवन तथा समाजको चित्रण गर्ने माध्यम यथार्थवाद बन्यो (Suchkov, 1973 p.17)। यस समयमा मूलतः हब्स र लकको प्रभाव बढी देखिन्छ ।

उन्नाइसौँ शताब्दमिा यथार्थवादको साहित्यमा प्रवेश हुनुअघि यस वादले कल्पनालाई अधिक सजिव पार्न उद्दत हुन्थ्यो । यथार्थवादी लेखन रुढीवादलाई अस्वीकार गरी जीवनका सत्यपक्षलाई वर्णन गर्ने र त्यसलाई तथ्यात्मक रूपमा प्रस्तुत गर्ने परम्परामा अगाडि बढ्यो । त्यस समयमा बाल्जाकका कृतिमा समसामयिक यथार्थको चित्रण भएको देखिन्छ । त्यसैगरी यस अवधारणालाई प्रतिष्ठित तुल्याउन डिफो, रिचर्ड्सन र फिल्डिङको महत्त्वपूर्ण स्थान छ । यसको विकासमा बढी प्रभाव भौतिक उन्नति, वैज्ञानिक अविष्कार र औधोगिक क्रान्तिको परेको छ । यसले निम्नवर्गमात्र होइन मध्यमवर्गीय जनजीवनमा पनि आमूल परिवर्तन गरेको थियो । यसले भौतिकवादी चिन्तन, वैज्ञानिक खोज, साहित्य र कलामा यथार्थपरक मूल्यहरूको स्थापना गर्‍यो ।  साहित्यमा यथार्थको प्रस्तुतिमा व्यक्तिगत जीवनका अनुभवहरूलाई यथावत् रूपमा प्रस्तुत गरियो र यस अनुभावमा समसामयिक विषयहरूको पनि मिश्रण हुँदै आयो । अतः समसामयिक विषयलाई वैज्ञानिक तवरले विश्लेषण गर्न र मौलिक रूपमा प्रस्तुत गर्न पनि यथार्थवाद उपयुक्त सैद्धान्तिक आधार बनेको छ ।

## छलफल र परिणाम

'हर्कबहादुर' कविता आर्थिक विषमता, निम्नवर्गीयको दयनीय अवस्था, अभावग्रस्त जीवनलाई प्रस्तुत गरिएको कविता हो । निम्नवर्गीय मूल समस्या गास, बास र कपासको हो । यो समस्या हर्कबहादुरसँग सम्बन्धित छ जुन कवितामा निम्नवर्गीय प्रतिनिधि पात्रको रूपमा उभ्याइएको छ । हर्कबहादुरजस्ता निम्नवर्गीय व्यक्तिका यस्ता न्यूनतम् समस्याको समाधानका लागि राज्यपक्ष उदासिन छ, कठोर परिश्रमका बाबजुत थप शोषित, पिडित हुनुपर्ने अवस्था तत्कालीन मात्र नभएर वर्तमान निम्नवर्गीय नेपाली जनको समस्या पनि हो । यो कठोर परिश्रम, मूल्यहीन श्रम, दुःख केवल तत्कालीन समयको मात्र नभएर वर्तमान समयको पनि हो । अतः यस कवितामा प्रस्तुत विषय समसामयिक यथार्थ विषय पनि भएकाले निम्न उपशीर्षकमा विभाजन गरी अध्ययन तथा विश्लेषण गरिएको छ :

### *(क) आर्थिक विषमता र दयनीय अवस्थाबाट प्रस्तुत समसामयिक यथार्थ*

परिष्कृत प्रस्तुतिकरणमा असन्तुष्टि यथार्थवादी चिन्तनको विशेषता हो । सामान्य घटनालाई पनि प्रस्तुत गरेर वस्तुवादी प्रयोगको प्रभाव यसमा रहन्छ । 'हर्कबहादुर' कवितामा पनि सामान्य व्यक्ति हर्कबहादुरको जीवनका उतारचढावलाई सहज तवरले प्रस्तुत गरिएको छ । यस कवितामा निम्नवर्गीय हर्कबहादुर एक प्रतिनिधि पात्र हो । निम्नवर्गीय विषमता र उसको दयनीय अवस्थाको प्रस्तुतिमा कविको रुचि छ । यथार्थवादी साहित्यकारको चयनको विषय यो पनि हो । बासुदेव त्रिपाठीका अनुसार जन–सामान्यका घटना, परिस्थिति र भाषालाई केही स्वल्प रङ्ग दिएर प्रस्तुत गर्नुपर्छ (त्रिपाठी, २०५८, पृ. ४६) भन्ने विचारले पनि यथार्थवादी लेखन निम्नवर्गीय पक्षलाई महत्त्व दिएको देखिन्छ ।

अध्ययनीय 'हर्कबहादुर' कवितामा पनि हर्कबहादुरको दयनीय अवस्थाको चित्रण छ । हर्कबहादुरजस्ता निम्नवर्गीय जनका वास्तविक नाम काडिएको हुँदैन । उनीहरूको वास्तविक नाम केही अन्य नै भएपनि उनीहरूको कामको प्रकृति, वर्ण वा जातको आधारमा बोलाइने गरिन्छ । यो निम्नवर्ग भएकै कारणले उसलाई हेपिएर बोलाइएको तथा सम्मान नगरिएको अवस्था पनि हो । यस सन्दर्भमा कविताको निम्न पङ्क्तिहरू उल्लेख गर्न सान्दर्भिक हुन्छ :

उसलाई धेरै नामहरूबाट चिन्न सकिन्छ
ऊ दाउरे पनि हो
ऊ चाउरे पनि हो
ऊ काले पनि हो (अधिकारी, २०४४, पृ. १)

उपर्युक्त कविताका पङ्क्तिहरूमा हर्कबहादुरलाई दाउरे, चाउरे, काले आदि नामले चिनिएको छ । समाजमा देखिने निम्नवर्गीय यस्ता पात्रहरूलाई उपल्लोवर्गको हेपाहा प्रवृत्तिले गर्दा सम्मानित जीवन जिउनबाट समेत वञ्चित हुन्छन् । उपल्लोवर्ग मोजमज्जा गर्न र सुख प्राप्त गर्नका लागि जन्मिएको तथा भाग्यले दिएको छ भन्ने ठानेका हुन्छन् भने तल्लोवर्ग उनीहरूको सुखको साधन र काम गर्नका लागि जन्मिएका हुन्छन् भन्ने मानिएको हुन्छ । यो तत्कालीन समाजमा र वर्तमानको पनि यथार्थ विषयवस्तु हो । यस सर्न्दमा कविताको निम्न साक्ष्य सान्दर्भिक बनेको छ :

बिहान झिसमिसेमै गोरु नारेर ऊ
कहिले बाँझो मार्न जान्छ
कहिले कोदाली बोकेर
आली ताछ्न र बाउसे गर्न भ्याउँछ (अधिकारी, २०४४, पृ. १)

आर्थिक विषमताको जालोबाट पार पाउन हर्कबहादुरजस्ता निम्नवर्गीय जनले सबै सुखपूर्वक आराम गरिरहेको बेला (बिहान झिसमिसे)मा नै आफ्नो कर्मलाई सार्थक बनाउन गोरु नार्न पुग्छन्, बाँझो मार्न, आली ताछ्न् र बाउसे गर्छन् तरपनि उनीहरूको जीवनमा सुख फकिएर आउँदैन् । यस्तो परिस्थिति वर्गीयताको आधारमा निर्मित आर्थिक असमान वितरणको परिणाम हो । ऊजस्ता निम्नवर्गीय जनले जति मेहनत गरे पनि गास, बास र कपासको समस्या समाधान हुन सक्दैन । जीवनभर आधारभूत आवश्यकताको लागि काममा जोतिनु नै पर्छ । यस सन्दर्भमा कविताको निम्न पङ्क्तिहरू उल्लेखनीय छन् :

ऊ नाङ्गो आङ्ले भारी बोक्छ
ऊ नाङ्गो आङ्ले धर्ती जोत्छ

ऊ हरेका गाउँको सभा समारोहमा जाँदा
हर्कबहादुर
टीठलाग्दा आँखाले
घरि झन्डा र घरि आफ्नो आङ् हेर्छ (अधिकारी, २०४४, पृ. २)

माथिका पङ्क्तिहरूले एक वर्गीय विषमतालाई प्रस्तुत गरेका छन् । वास्तवमा वर्ग आर्थिक हैसियतमा आधारित हुन्छ (वैद्य, २०७७, पृ.१२) । हर्कबहादुर पनि आर्थिक हैसियतमा निकै पछाडि परेको छ । ऊ नाङ्गो आङ्ले भारी बोकेको छ, धर्ती जोतेको छ । उसको समस्या गास, मात्र होइन कपास पनि छ, त्यसैले गाउँका सभा तथा समारोहमा जाँदा दयनीय आँखाले घरि झन्डा र घरि आफ्नो आङ् हेरेको छ । यो हेराइ ती लुगा प्राप्त भएमा लगाउनका लागि पुग्ने थियो भन्नु नै हो । समाजमा एकातिर झन्डा बनाएर बेकाममा झुन्ड्याइको छ भने अर्कोतर्फ गरिबले लगाउनका लागि कपडा पाएका छैनन् । यस्तो दयनीय अवस्थाको प्रस्तुति समसामयिक यथार्थ विषय पनि हो । आर्थिक विषमताका कारण समाजमा असमानताको समस्या बढ्दै जान्छ । समृद्ध समाज निर्माणका लागि आर्थिक समानतामा ध्यान दिनु आवश्यक छ तर हर्कबहादुरजस्ता व्यक्तिहरूका लागि समाज निर्माणमा भूमिका रहेको छ भन्ने कुराको आभाष दिलाइएको हुँदैन । उनीहरूलाई त आफ्नै बारेमा थाहा हुँदैन् । जीवनलाई मानवीय मूल्य, मान्यताको परिधिका राखेर मूल्याङ्कन पनि गरिएको हुँदैन । यस सन्दर्भमा कविताको निम्न पङ्क्तिहरू सान्दर्भिक छन् :

हर्कबाहादुरलाई आफू बाँचेको युग थाहा छैन
गते,
बार,
महिना,
ऋतु,
वर्ष
र तिथि पनि थाहा छैन (अधिकारी, २०४४, पृ. २-३)

वास्तवमा हर्कबहादुरजस्ता निम्नवर्गीय व्यक्तिहरूका लागि कुन दिनमा पर्व, उत्सव, मेला हुन्छ भन्ने कुराले फरक पार्दैन । उनीहरू काममा मात्र तल्लीन हुन्छन् । कर्म गर्नु र अरुका लागि कार्य गरिदिनु उनीहरूको नियति बन्छ । जीवनभरको सङ्घर्षले आफ्ना आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्ने अवस्था दयनीय विषम परिस्थिति हो । वर्तमान परिवेशको समाजमा पनि ठुलाबडाका लागि मात्र दिनको महत्त्व छ । उनीहरूको जन्मदिनमा केक काटिन्छ, पर्वमा उत्सव मनाइन्छ, रमाइलो गरिन्छ तर निम्नवर्गका लागि यी सबै व्यर्थ हुन्छन् र आर्थिक अभावका कारण पर्व, उत्वस नआइदिए हुन्थ्यो भन्ने सोच्छन् । यो समाजको यथार्थ पक्ष हो । त्यसैले गरिबले मागेको गास, बास र कपास नै हो । यस सन्दर्भमा कविको निम्न विचार सान्दर्भिक हुन्छ :

माग्दा-
उसले अन्नका दानाहरू मागेको छ
कपासका गाँठ र बारीका पाटाहरू मागेको छ (अधिकारी, २०४४, पृ. ३)

मानवीय आधारभूत आवश्यकताको परिपूर्ति गर्नु राज्यको पनि दायित्व हुन्छ तर राज्यपक्षबाट नागरिकका लागि गरिएको विभेदका कारण समाजमा पनि असमानता, अन्याय खेप्नुपर्छ । एक गरिबका लागि अन्नको दाना प्राप्त गर्नु अधिकारको कुरा हो, लगाउने लुगा र बस्नका लागि बासको व्यवस्था हुनुपर्ने पनि हो तर यो गरिबले अझै सुलभ प्राप्त गर्न सकेको छैन । उसले काम गर्ने बारी ठुलाबडाका नाममा दर्ता भएका छन् र ऊ बेरोजगार भएको छ । उपल्लोवर्गका व्यक्तिजस्तै ऊ पनि नागरिक नै भएकाले राज्यपक्ष र समाजले गर्ने आर्थिक, सामाजिक र राजनीतिक व्यवहार पनि समान हुनुपर्ने हो तर त्यसो भएको छैन् । त्यसैले कवि निम्न पङ्क्तिहरूको माध्यमबाट आक्रोश व्यक्त गर्छन् :

राष्ट्रियता विज्ञप्त छ
स्वाधीनता विज्ञप्त छ
नागरिकता विज्ञप्त छ
हर्कबहादुरका सन्दर्भमा
यी सबै प्रयोजन

सिउनीमा अल्झेको सुर्तीको धूलोभन्दा बढी छैन (अधिकारी, २०४४, पृ. ४)

माथिका कवितांश कविका आर्थिक विषमता र असमानताका विरुद्धमा पोखिएका आक्रोश नै हुन् । आर्थिक असमान वितारणका कारण नेपालीका जीवन कष्टकर बनेका छन् । नेपालीका वेदना र दुःखलाई राष्ट्रियता, स्वाधीनता, नागरिकताले समाधान गर्न सकेको छैन् । उनीहरूको भोको पेटमा खाना र नाङ्गो शरीरमा लुगा पुऱ्याउन सकेको देखिँदैन । त्यसैले यो असमानताको अन्त्य गर्नुपर्छ भन्ने सङ्केत पनि हो र आक्रोश पनि हो । गरिब दिनानुदिन गरिब बन्दै गएका छन् र धनी हरघडी धनाड्यमा रूपान्तरित हुँदै छन् । गरिब र धनीको खाडललाई पुर्न सकिने अवस्था धेरै टाढाको बन्दै छ । त्यसैले हर्कबहादुरजस्ता गरिब निम्नवर्गीय व्यक्तिका समस्याहरू थपिरहेका छन् । उनीहरू आफूमात्र समस्यामा परेका होइनन् घर परिवारका समस्या पनि ज्यूकात्यू छन् । लिङ्ग, वर्ण, जात, जातिका समस्या अन्ततः वर्गीय समस्या नै हुन् किनभने ती सबै जनसमुदायमा उत्पीडित वर्गकै अत्याधिक बाहुल्य छ र त्यही उत्पीडित वर्गले नै वर्गको हैसियतले सबै उत्पीडित जनसमुदायमा सामान्यीकरणको भूमिका निर्वाह गर्दछ (वैद्य, २०७७, पृ.१४) । त्यसैले यो समस्या परिवारको मात्र नभएर समुदाय र राष्ट्रकै प्रतिनिधित्व गर्नेगरी फैलिएको पनि हुन्छ । यसै सन्दर्भमा कविताका निम्न पङ्क्तिहरू उल्लेखनीय छन् :

खर्च नपाएर
आफैँमा तरुनी छोरीको बैँस बूढी स्वास्नीको भोक काँपिरहेको
हर्कबहादुरलाई मेरी स्वास्नीको सिन्दूर-पोतेको सलाम ! (अधिकारी, २०४४, पृ. ५)

बिहानदेखि साँझसम्म काम गर्दा पनि आफ्नो र घरपरिवारको आधारभूत आवश्यकता पूरा गर्न नसक्नु निम्नवर्गीय नेपाली जनको नियति हो । कवितामा हर्कबहादुरले आफ्नो र परिवारको आधाभूत आवश्यकता पूरा गर्न नसकेको अवस्था छ । वास्तवमा ऊ एक निम्नवर्गीय नागरिकको प्रतिनिधि पात्र हो । नागरिकलाई अधिकार सम्पन्न गराई क्रियाशील बनाउन वा देश निर्माणमा सहयोगी बनाउन राज्यमा जनका आधारभूत आवश्यकतालाई पूरा गरिनुपर्छ अन्यथा उनीहरूको मन मस्तिष्कले राष्ट्रियता, विकास, स्वतन्त्रताका विषयहरू सोच्न सक्दैन । यो समस्या व्यक्तिको मात्र नभएर समुदाय राष्ट्र र विश्व कै हो । यति हुँदाहुँदै कवितामा हर्कबहादुरका सन्दर्भ नेपाल, नेपाली जनसँग सम्बन्धित बनाएर नजिकबाट अध्ययन गर्न सकिन्छ । अतः समग्रमा भन्नुपर्दा कवितामा निम्नवर्गीय कर्मठ, क्रियाशील, स्वभीमानी, मेहनती नेपालीको चिनारी दरिद्र, गरिब, भोका, रोगले युक्त भनेर दिने अवस्थाको अन्त्य हुनुपर्ने प्रत्यक्ष र अप्रत्यक्ष विचार समसामयिक यथार्थताको नजिक रहेको प्रस्ट छ ।

***(ख) समसामयिक थथार्थसापेक्ष मानवता, युगबोध र सचेतता***

वर्तमान विश्वमा प्रभुत्व कसको रहने भन्ने होड चलेको छ । एकले अर्कालाई निमिट्यान्न पार्ने र आफ्नो प्रभावमा पार्ने प्रयासमा कसैलाई दमन, शोषण गरी दुःखको भुमरीमा पारेको छ भने भने कसैलाई समर्थन गरी सुखको महलमा बसालेको छ । यसको फलस्वरूप गरिब झन गरिब र धनी झन धनाड्य बन्ने क्रम जारी छ । मानिसले मानिसलाई मानिस सरह व्यवहार समेत गरेको छैन् । मानिस एकातिर स्वचालित मसिन बनेको छ भने अर्कोतर्फ अधीनस्थ बनी न्यूनतम् आधारभूत आवश्यकताका साधनविहीन बनेर जीवन गुजारा गरिरहेको छ । प्रस्तुत कवितामा पनि हर्कवहादुरको अवस्था त्यही छ । ऊ गरिब छ, गास, बास र कपासको समस्याले उसलाई जेलेको छ । आर्थिक विषमता, विभेद, असमानताका कारण जटिल कष्टकर जीवन बिताउन बाध्य छ । उसलाई निम्नवर्ग भएका कारण असमान व्यवहार गरिएको छ भने समग्र मानवलाई झन्डाका आधारमा छुट्याइएको पनि छ । यहाँ झन्डाकै कारण कोही इजरायली हुन्छ, कोही प्यालेस्टियन, कोही अमेरिकन त कोही अफ्रिकी, कोही नेपाल, भारतीय, चिनीयाँ त्यस्तै मानिसले आफ्नो सीमा झन्डाले तय गर्छ । त्यस्तै त्यही सीमामा रहेर आआफ्ना जनका प्रगति, उन्नति, सहयोग, समर्थन आदि गर्छ । एक देशको व्यक्ति समस्यामा परेको बेला दोस्रो वा तेस्रो देशको व्यक्तिले फरक देश भएकै कारण असहयोग गरी मानवता नै गुमाएको अवस्था छ । मानव मानवबिचमा दुश्मनी छ, शत्रुता छ, अन्याय छ, अत्याचार छ । विश्वलाई सीमा रेखामा विभाजन गरेर मानवलाई विभाजित तुल्याइएको छ तर त्यो मानवता होइन् । त्यसैले कवि अधिकारीले मानवताको विषय सचेतताका साथ प्रस्तुत गर्छन्, जुन कविताको निम्न पङ्क्तिहरूबाट हेर्न सकिन्छ :

झन्डा-मान्छेको परिचय होइन
मान्छे स्वयंमा परिचित इतिहास छ

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 1 Year: 2024
*************************************

मान्छे स्वयंमा परिलक्ष्यित आकाश हुन्छ (अधिकारी, २०४४, पृ. २)।

वास्तवमा विश्वमा रहेका सम्पूर्ण मानवलाई एकै रूपमा हेरिनुपर्छ। झन्डाको परिधि तथा सीमा रेखामा बाँधिएर व्यवहार गरिनु हुँदैन्। नेपाल र अमेरिका, बेलायत, चीन, भारत आदि जुन देशमा निम्नवर्ग भए पनि उनीहरूको उत्थानका लागि सबै मिलेर काम गर्नुपर्छ। समस्यामा परेका व्यक्ति, समुदाय वा समाज तथा राष्ट्र जुन भएपनि मानवीय कर्तव्यका आधारमा सहयोग गर्नुपर्छ। त्यसैले कविको मान्छेको स्वयंमा परिचित इतिहास छ भन्ने उक्ति मानिसले परापूर्वकालदेखि मानव कल्याणका लागि कार्य गर्दै आएको सन्दर्भको सङ्केत हो। यसबाट कवि मानिसलाई इतिहासले पनि फराकिलो दृष्टिकोणबाट हेरेको बताउन चाहान्छन्। यो उनको सचेत समसामयिक यथार्थमा आधारित मानवीय विचार हो। यस आधारमा प्रस्तुत कवितामा उल्लेखित विचार समसामयिक यथार्थ विषय हुन् भन्न प्रस्ट हुन्छ।

कवि अधिकारीको यथार्थ विषयवस्तु निम्नवर्गमा नै केन्द्रित छ। उनी एकातिर वर्तमानमा अपेक्षित विषय पहिल्याएर युगबोधतर्फ अग्रसर हुन्छन् भने अर्कोतर्फ निम्नवर्गीय जीवनमा श्रमको महत्त्व साथै सचेत नागरिकको उत्तरदायित्वलाई पनि सङ्केत गर्छन्। उनी हर्कबहादुरजस्ता श्रमजीवी व्यक्तिले आधारभूत आवश्यकता परिपूर्तिका अपेक्षा गरेका छन्। उनीहरूको हातमा बन्दुक बोकाएर युद्ध गराइ रक्तपात मचाइने र आफ्नो स्वार्थपूर्ति गर्ने अमानवीय कार्यको यसमा बिरोधभाव प्रस्तुत गरिएको छ। जुन देशमा गरिब छन्, त्यस देशमा श्रम, रोजगार र जिविकोपार्जनका लागि आवश्यक सहयोग गर्नुपर्नेमा बन्दुक बोकाएर एक आपसमा लड्न लगाइएको छ। यस्तो अवस्था नेपालमा पनि थियो, सोमालिया, अफ्रिका, अफगानीस्तान, पाकिस्तान आदिमा अझै छ। त्यसैले यस किसिमको अभिव्यक्तिको साक्ष्य कविताको निम्न पङ्क्तिबाट हेर्न सकिन्छ :

एउटा एउटा बन्दूक बोक्ने हातलाई
एउटा एउटा कोदाली दिनुपर्छ
हर्कबहादुरले सधैँ कोदाली मागेको छ (अधिकारी, २०४४, पृ. ३)

भोकोले खाना माग्छ, नाङ्गाले कपडा अनि घरबारबिहीन व्यक्तिले बस्ने बास तर बन्दुक होइन। बन्दुक समाएर अधिकारका लागि लड, मर, देशका लागि बलिदान देऊ वा ईश्वरका लागि कुर्बान होऊ भन्ने बेतुकको दर्शनको अफिममा रुमल्लिएर धेरैले व्यर्थमा ज्यान गुमाएका छन्। यसरी ज्यान गुमाउनेहरूमा निम्नवर्गका व्यक्ति नै हुने गर्छन् भने सत्ता र स्वार्थ प्राप्त गर्ने उच्चवर्ग नै हुन्छन्। त्यसैले कवि हरेक बन्दुक बोक्ने हातमा अब कोदाली हुनुपर्ने र हर्कबहादुरले पनि सधैँ कोदाली नै मागेको भनी निम्नवर्गले सधैँ मेहनत गर्ने स्थान खोजेको साथै परिश्रम गरेर विश्वलाई खुवाउन चाहेको समसामयिक यथार्थ विषयलाई सचेतताका साथ प्रस्तुत गर्न अग्रसर हुन्छन्।

वास्तवमा कवि अधिकारीको उपर्युक्त निम्नवर्गप्रतिको पक्षधर विचारले यस कवितामा केन्द्रीय स्थान ओगटेको छ। राष्ट्रका लागि सधैँ रगत बगाउन तयार हर्कबहादुरजस्ता निम्नवर्गीय व्यक्तिले नै गरिबी, अभाव र विभेद भोग्नु परेको छ। कवि यस्ता स्वाभिमानी, मेहनती व्यक्तिहरू नै देशका चिनारी भएको बताउँछन्। यस सन्दर्भमा कविताको निम्न पङ्क्तिहरू उल्लेखनीय छन् :

दिमागमा छोराछोरीको लुगाफाटो
र छातीमा आफ्नै सहिद तस्वीर टाँगिरहेको
हर्कबहादुरलाई मेरी आमाको काखको सलाम (अधिकारी, २०४४, पृ. ५)

माथिको साक्ष्यमा हर्कबहादुरजस्ता गरिबले आफ्ना परिवारका आधारभूत आवश्यकताको परिपूर्तिका लागि जीवनभर सङ्घर्ष गर्नुपर्ने विचार प्रस्तुत छ। हर्कबहादुरले आफ्नो दिमागमा छोराछोरीको लुगाफाटो लिएको कथनले गरिबका लागि परिवारको भरणापोषण पहिलो प्रथमिकता रहेको भन्ने बुझिएको छ। त्यस्तै "छातीमा आफ्नै सहिद तस्वीर टाँगिरहेको" कथनले निम्नवर्ग नै कुनै पनि देशमा परिवर्तनका लागि सधैँ होमिएका र सङ्घर्षमा बलिदन दिएर सहिद बनेका छन् तर उपल्लोवर्गले आफ्नो स्वार्थमा उनीहरूलाई पुनः गरिबीमा नै धकेलेको समेत सङ्केत गरिएको छ। यस्तो हर्कबहादुरलाई सलाम भनेर कविले परिवर्तनका लागि बलिदान दिने व्यक्तिहरूप्रति सचेत तवरबाट

सम्मान प्रस्तुत गरेका छन् । यस अर्थमा पनि समसामयिक यथार्थको प्रस्तुति 'हर्कबहादुर' कवितामा रहेको प्रस्ट हुन्छ ।

***(ग) समसामयिक यथार्थमा समानता, स्वतन्त्रता र विश्वबन्धुत्व***

कुनै पनि राष्ट्रको समृद्धि र विकासका लागि जनता सम्पन्न र सक्षम हुनुपर्छ । जनतालाई वर्तमान विश्वको तुलनामा समान स्तरमा उकास्दै अगाडि बढाउन उनीहरूलाई अर्थिक दृष्टिले समान वितरण र सामाजिक रूपमा समानताको व्यवहार हुन जरुरी छ । कवितामा प्रस्तुत हर्कवहादुरमा भएको आर्थिक असमानता र विभेदका कारणबाट ऊ झन्डा हेरेर आफ्नो जीउलाई हेरेको छ । वास्तवमा ठुलाबडाले आफ्नो प्रचार वा चुनावमा प्रयोग गरेका झन्डा बनाउने कपडा गरिबलाई दिएमा उनीहरूलाई लगाउने लुगा पुग्न सक्छ भन्ने कविको विचार नेपाली समाज साथै आर्थिक विषमताले ग्रसित व्यक्तिहरूको जीवनलाई मूल्याङ्कन गर्दा यथार्थ बोध हुन्छ । यस सन्दर्भमा कविताको निम्न पङ्क्तिहरू सान्दर्भिक छन् :

बटुलेर संसारभरिका झन्डाहरू
लुगा सिउँदा
-हरेक नाङ्गालाई भाग पुग्छ
-हरेकलाई कटाड पुग्छ
-हरेकलाई मजेत्तो पुग्छ (अधिकारी, २०४४, पृ. २)

कवि अधिकारीले संसारभरिका झन्डाहरू बटुलेर लुगा सिलाउँदा हरेक नाङ्गा व्यक्तिलाई भाग पुग्नेछ भन्ने कवितामा उल्लेखित भावगत सन्दर्भले संसारमा अभावमा रहेका निम्नवर्गका व्यक्ति सबैलाई समान रूपमा हेरिनुपर्छ भन्ने सङ्केत गरेको देखिन्छ । यो मानवता र मानवीय भावनाको विषय हो । विश्वबन्धुत्वको भावनाको विषय हो । निम्नवर्गलाई कुनै पनि सीमामा राखेर नहेरी सबैले सक्दो सहयोग गर्नुपर्ने कविको विचार यसमा ओतपोत छ । कविले हर्कबहादुरजस्ता अभावमा रहेका भोका व्यक्तिहरूलाई कुनै साँध, सीमाना वा समूहमा विभक्त गरेर नहेर्न अनुरोध गरेका छन् । यस सन्दर्भमा तलको निम्न कवितांशहरू उल्लेखनीय छन् :

हर्कबहादुर भोक हो
भोकको देश र भेष पनि हुँदैन
भोकको आफन्त र पराई पनि हुँदैन
हर्कबहादुर ठेस हो
पीडा आकारमा आबद्ध हुँदैन
पीडाको साँध-सिमाना र घरबार हुँदैन (अधिकारी, २०४४, पृ. ३)

माथिका पङ्क्तिहरूमा उल्लेख गरिएको विषय विश्वबन्धुत्वको भावसँग बढी नजिक छ । कुनै भोको व्यक्तिका लागि पहिलो भोक प्यारो हुन्छ, उसलाई आफू कुन देशको नागरिक भनेर मतलब  हुँदैन । भोकालाई आफन्त वा पराई जसले दिए पनि खान्छ । यस्ता निम्नवर्गको पीडालाई आकारमा वा सङ्ख्याका दृष्टिले तुलना गरेर उसका दुःख जोख्न सकिँदैन् । हर्कबहादुर पनि भोको व्यक्ति हो । उसलाई पनि कुनै सीमा, साँधमा नराखी मानवरुपि व्यवहार गरी आवश्यक सहयोग गर्नुपर्ने भाव यसमा व्यक्त छ । यो सहयोग व्यक्ति, समुदाय वा राज्य पक्षबाट पनि हुनसक्छ । यही सबैको हातेमालोबाट नै निम्नवर्गको जीवनस्तर माथि उक्लन सक्छ अनि ऊ पनि स्वतन्त्र भएर राष्ट्रको उन्नतिका सम्बन्धमा योगदान दिन सक्षम हुन्छ ।

स्वतन्त्रता पराधीनताको विरोधी भावना नै हो । साहित्यकार प्रायः कवितामा अधीनताको विरोधमा आफ्ना आवाजहरू बुलन्द गर्छन् । समाजमा विद्यमान हरेक बन्धन वा बाधाबाट मुक्त हुन चाहन्छन् । जसको अर्थ समाजमा सर्जक समसामयिक रूढ र विरोधाभाष विषयहरूमा परिवर्तनको चाहना राख्छ । यस 'हर्कबहादुर' कवितामा पनि समाज र राज्यको तहबाट उपेक्षित रहेको निम्नवर्गले शताब्दियौँदोखि उत्पीडनमा परिरहेको छ भन्ने उल्लेख गरेका छन् । यस सन्दर्भमा कविताको निम्न साक्ष्य उल्लेखनीय छ :

परार उसकी सात वर्षे छोरी
सर्पले टोकेर अकाल मर्दा
खै ! राष्ट्रियता औषधीमा अनुवाद हुन सकेको ?

पोहोर अनिकालबाट बँच्न
छोरो मुग्लान भासिँदा
खै ! स्वाधीनताले नजा भन्न सकेको (अधिकारी, २०४४, पृ. ४)

व्यक्ति वा समाज मात्र होइन राज्य पक्षबाट पनि असमानता व्यहोरिरहेका निम्नवर्गका सन्तानले अकालमा मृत्युवर्णन गर्नु परेको यथार्थ विषय हो । एकातिर प्राकृतिक प्रकोपहरू छन् भने अर्कोतर्फ रोगव्याधि र विपत्तिका कारण पनि प्रतिवर्ष ज्यान गुमाएका छन् । राज्यले पुऱ्याउनुपर्ने आधारभूत स्वास्थ्य सुविधाबाट निम्नवर्ग वञ्चित छन् । उनीहरूलाई देशको नागरिक भनिएको छ, नागरिकता बाँडिएको छ तर नागरिकका हैसियतले प्राप्त हुने सामान्य कुराको पहुँचबाट निम्नवर्ग सधैँ टाढा छ । यो विषय वर्तमानको पनि यथार्थ विषय हो । यतिमात्र नभएर वर्तमानमा आर्थिक अवस्था सुधार गर्न तथा आधारभूत आवश्यकता परिपूर्तिका लागि नेपाली युवायुवतीहरू विदेश जान बाध्य छन् । यस्तो परिस्थितिप्रति पनि राज्य सचेत छैन । देश स्वतन्त्र भयो तर निम्नवर्गलाई स्वतन्त्रता छैन । त्यसैले कवि राज्यपक्षसँग प्रश्न गर्दै स्वधीनताले रोजगारी दिएर विदेश नजाऊ भन्न अझै नसकेको विषयप्रति आक्रोश व्यक्त गरेका छन् । त्यस्तै कवि यस्तो अवस्था र समस्या एक व्यक्तिलाई मात्र होइन, देशका कुनाकुनामा रहेका व्यक्ति, समुदाय तथा विश्व मानजजातिले भोग्नु परेको विषयलाई पनि औँल्याएका छन् । यसका लागि कविताको निम्न अंश उल्लेखनीय छ :

हर्कबहादुरको देश छैन
हर्कबहादुर हरिऔनको बासिन्दा मात्र पनि होइन
ऊ तपाईंको गाउँमा/शहरमा/देशमा पनि भेटिन सक्छ
जीतबहादुर पनि हर्कबहादुर हो
भीमप्रसाद पनि हर्कबहादुर हो
हर्कबहादुर एकलब्यको नयाँ संस्करण हो (अधिकारी, २०४४, पृ. ५)

माथिको कवितांशहरूमा हर्कबहादुरको देश छैन भनेर निम्नवर्गलाई एक देश वा सीमारेखाको परिधिमा राखेर हेरिन नहुने बताउन खोजिएको छ । हर्कबहादुरको एक हरिऔनमात्र बासस्थान नभएको र ऊ जीतबहादुर, भीमप्रसाद, एकलब्य सबै भएको उल्लेखबाट पनि अभावमा बाँचेका सर्वहारावर्ग विश्वका सबै एकै हुन् साथै उनीहरूलाई विश्वबन्धुत्वको दृष्टिकोणबाट हेर्नुपर्ने सङ्केत गरिएको छ । "ऊ तपाईंको गाउँमा/शहरमा/देशमा पनि भेटिन सक्छ" भन्नुको तात्पर्य पनि विश्वबन्धुत्वको भावलाई जागृत गराउने पर्ने विचार नै हो । अतः हर्कबहादुरको व्यक्तित्व र भोगाइका माध्यमबाट समानता, स्वतन्त्रता र विश्वबन्धुत्वजस्ता समसामयिक विषयलाई प्रस्तुत भएको देखिन्छ ।

## निष्कर्ष

दिनेश अधिकारी समसामयिक यथार्थलाई कविताको मूल विषय बनाएर कविता लेखने आधुनिक कवि हुन् । उनी मूलतः कविता र गीतका क्षेत्रमा बढी क्रियाशील स्रष्टाका रूपमा परिचित छन् । उनका कवितामा आर्थिक समानता, मानवता, स्वतन्त्रताजस्ता समसामयिक विषयहरू रहेका छन् । यसका माध्यमबाट उनले युगबोधलाई पनि समेटन सफल छन् । वर्तमान मानव जीवनमा देखिएका जटिलता, उत्पीडन, आक्रोश आदिलाई हर्कबहादुरको माध्यमबाट प्रस्तुत गरिएको छ । ऊ आफू र आफ्नो परिवारको आधारभूत आवश्यकता परिपूर्तिका लागि सङ्घर्षरत निम्नवर्गीय चरित्र हो । यस कवितामा उसको निम्नवर्गीय चरित्रका माध्यमबाट मानवीय मूल्यको स्थापनामा जोड दिइएको छ । हर्कबहादुरजस्ता निम्नवर्गका समस्या भनेको गास, बास र कपासको हो । उनीहरूको आधारभूत आवश्यकता जबसम्म पूरा हुन सक्दैन तबसम्म उनीहरूले देशको विकासमा टेवा पुऱ्याउन सक्दैनन् । कवितामा प्रस्तुत हर्कबहादुरको भोगाइ मूलतः निम्नवर्गीय आम नेपाली जनको हो साथै विश्वमा ठुलाबडाबाट किनाराकृत भएका व्यक्ति, समुदाय तथा राष्ट्रको पनि हो । यस समस्याको गहिराइलाई पहिल्याउँदा हर्कबहादुरको समस्या विश्वकै निम्नवर्गको हो । यस समसामयिक यथार्थलाई बुझ्न र मानवीय मूल्यको स्थापना गरी समानता, स्वतन्त्रता र विश्वबन्धुत्वको भावना विश्वमा फैल्याउनुपर्ने आग्रह समेत यस कविताबाट प्रस्तुत गरिएको छ । कवितामा प्रस्तुत हर्कबहादुरको जीवनमा देखिएका समस्या, सङ्घर्ष, आक्रोश, असन्तुष्टि आदिले एकातिर वर्गीय सहानुभूतिको पक्षमा मानवतावादी चिन्तन समावेश भएको देखिन्छ भने अर्कोतर्फ मानवीय संवेदना गुमिरहेको अवस्थामा विश्वका सबै निम्नवर्गका समस्या एक हुन् र विश्वबन्धुत्वको भावनाबाट नै मानव कल्याण सम्भव छ भन्ने सचेत विचारले

युगबोधलाई आत्मसाथ गरेको देखिन्छ । समग्रमा काले, सेते, चाउरे, दाउरे, भरिया, खेताला, मजदुर आदि नामले सम्बोधित हर्कबहादुरजस्ताको जीवन भोक, रोग र शोकमा डुबेको छ । उसले भोगेको उत्पीडन भाषणमा मात्र सिमित रहेको वर्तमान आर्थिक, सामाजिक, राजनैतिक परिवेशले जनताको जीवनस्तरमा कुनै परिवर्तन ल्याउन सकेको छैन । यस्ता विषयलाई प्रस्तुत गरेर विश्वका आधारभूत आवश्यकताबाट वञ्चित सबै जनलाई विश्वबन्धुत्वको भावले समानता र अनुभूतिमूलक स्वतन्त्रता प्रदान गर्नुपर्छ भन्ने सचेत यथार्थ युगबोधी भाव यस कवितामा प्रस्तुत भएको छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, दिनेश (२०४४). *धर्तीको गीत.* काठमाडौं : साझा प्रकाशन ।

कुमार, किरन (सन् २०२१ नोबेम्बर १५). हर्कबहादुर. *kumarkiran.com.np.* https://www.kumarkiran.com.np/2021/12/blog-post_10.html

कुमार, ललित (२०१७ जुलाई २४). दिनेश अधिकारी / परिचय. *कविता कोश.* http://kavitakosh.org/kk/दिनेश अधिकारी_/_परिचय

गौतम, देविप्रसाद (२०५९). समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू. *प्रलेस* (७/१३), पृ.७९-१०९ ।

मिश्र, शिवकुमार (सन् १९७८). *यथार्थवाद.* नई दिल्ली : म्याक्मिलन कम्पनी अफ इण्डिया लि.

वाग्ले, महेन्द्र (२०७८, पुष २४ ). मुक्तकमार्फत राजनीतिक व्यवस्था र साँढे प्रवृत्तिको भण्डाफोर. *नेपाल समय.* https://nepalsamaya.com/book/2022-01-07-173347

वैद्य, मोहन 'किरण' (२०७७). *मार्क्सवादी समालोचना.* काठमाडौं : शमी साहित्य प्रतिष्ठान ।

शर्मा, बिन्दु (२०७५). *समसामयिक प्रगतिवादी नेपाली कथा.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, दयाराम र लुइटेल खगेन्द्रप्रसाद (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, बासुदेव (२०४६). *पाश्चात्य समालोचनको सैद्धान्तिक परम्परा भाग २.* काठमाडौं : साझा प्रकाशन ।

Drawl, M. (1985). *The Oxford Companion to english Literature.* London: Oxford University Press.

Suchkov, B. (1973). *A history of Realism.* Moscow: Progress Publishers.


***